## 'दार्मा गाउँपालिकाको शिक्षा सम्वन्धी कार्यविधि २०७५'

प्रस्तावना :विद्यालयीय शिक्षालाई समय सापेक्ष,गुणस्तरीय,पारदर्शी,बाल मैत्री र समावेशी बनाउने दायित्व गाउँपालिकामा आएको परिप्रेक्षमा दार्मा गाउँपालिकाले संक्षिप्त शिक्षा ऐन र नियमावली तयार पारिसकेको छ ।नेपालको संविधान २०७२ को धारा ३९को शिक्षा सम्वन्धि मौलिक हक,धारा ५७ को अनसूची ८ को शिक्षा सम्वन्धी व्यवस्थाले आफ्नो गाउँपालिका भित्रको प्रारम्भिक बालविकास देखि माध्यमिक सम्मको व्यवस्थापन गर्ने अभिभारा गाउँपालिकामा रहेको छ ।

दार्मा गाउँपालिकाले सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन गर्नको लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को (ज) २१ वमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि जारीगरेको छ ।

### परिच्छेद-१

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "स्थानीय शिक्षा कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि सल्यान जिल्ला दार्मा गाउँपालिका भर लागु हुनेछ ।

(३) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) "प्रारम्भिक बालशिक्षा" भन्नाले ५ वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।

(ख)"आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनपर्छ ।

(घ) "आधारभूत शिक्षा" प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षासम्झनु पर्छ ।

(ङ)"माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(च) "विद्यालय शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा बाहसम्म दिइने शिक्षा सम्झनपर्छ ।

(छ)"गाउँपालिका" भन्नाले सल्यान जिल्लाको दार्मागाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ज)"गाउँ सभा" भन्नाले सल्यान जिल्लाको दार्मा गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(झ) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(ट) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ठ) “सामुदायिक विद्यालय” भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदानपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयसम्झनुपर्छ ।

(ड) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाटनियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ढ) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ण) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(त) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(थ) “स्वीकृति” भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकारगाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(द) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ध) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

## परिच्छेद :२

विद्यालय संचालन गर्न अनुमति लिन देहाय बमोजिमको प्रक्रिया अवलम्वन गनुपर्नेछ ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को ज २ मा सामुदायिक,संस्थागत,गुठी र सहकारी विद्यालय स्थापनाको लागि अनुमति,सञ्चालन ,व्यवस्थापन तथा नियमन सम्वन्धी व्यवस्था बामेजिमः

(३) (१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका अध्यक्ष समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

नियम ३ को खण्ड (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर दार्मा गाउँपालिकाको शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी आधारभूत र माध्यमिक तहको अनुमति गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुमति दिनेछ । जुनसुकै विद्यालयको स्वीकृति दिंदा पनि स्कूल नक्सांकन, तथा मिलानको आधारमा मात्र निर्णय लिइनेछ ।

(४) नियम (३) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालना गरेको देखिएमा आधारभूत र माध्यमिक तहको स्वीकृती शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले स्वीकृति प्रदान गर्नेछ ।

(५) यो नियम प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

(६) नियम (३) बमोजिम निवेदन परेमा दार्मा गाउँपालिकाको शिक्षा शाखाले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न आधारभूत र माध्यमिक तहका गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(७) नियम (३), (४) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएकाविद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(८) यस कार्यविधि वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम सामाजिक परीक्षण गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृतिलिनु पर्नेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिनेउद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई वडा समितिको सिफारिस सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) नियम (९) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् ।

(११) माथिल्ला नियमहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसंग सम्भौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्ने छ । यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै वेला बन्द गर्न सक्नेछ ।

१२ गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थपघट गर्न सक्ने :

(१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी वा कक्षा घटाई सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ । तर एक शैक्षिक शत्रमा १ कक्षा मात्र थप गर्न अनुमति दिइनेछ ।

क) विद्यालयको माप दण्ड पूरा हुन नसकि सञ्चालित अवस्थामा रहेका विद्यालयहरुले विद्यालय वा कक्षा सञ्चालन गर्न चाहेमा गाउँ कार्यपालिकामा प्रसतावना पेश गरी सर्त सहित कार्य सम्झौता गर्नु पर्नेछ ।

ख) सम्झौता गर्दा अर्को व्यवस्था नहुँदा सम्म विद्यालय सञ्चालन र व्यवस्थापनको दायित्व सम्वन्धित विद्यालयमा रहने गरी गरिने छ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतीका लागि पेश गर्नुपर्नेछ ।

(३) खण्ड (२) बमोजिम पेश हुने आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ ।

४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत पहिचान झल्किने प्रकारको नाम राख्न पाइने छैन ।

५) माध्यमिक तहको हकमा ३५०००००।– (पैतिसलाख रुपैया मात्र), आधारभूत तहको हकमा

२५०००००। ( पच्चिस लाख रुपैया मात्र) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न सकिने छ ।

६) विद्यालयको नाम परिवर्तन गर्ने भनेको पहिले राखिएको नामको पछाडि नाम थप्ने मात्र कार्य हो ।

७) विद्यालयको नाम परिवर्तन गर्न माथि उल्लेखित रकमको सट्टा जिन्सी(जग्गा) प्रदान गर्न पनि सकिने छ । तर त्यस्तो जग्गाका हकमा सम्बन्धित मालपोत कार्यालयको मूल्याङ्कनलाई आधार मानिने छ ।

## परिच्छेदः ३

## शिक्षक व्यवस्थापन

१३. गाउँपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ३ को दफा ११को (ज) को ११ मा सामुदायिक विद्यालयको शिक्षक कर्मचारीको दरवन्दी मिलान गर्ने व्यवस्था भए अनुरुप निम्नानुसार कार्य गरिने छ ।

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरवन्दी निर्धारण गाउँपालिकाले गर्नेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या ,विषय र सञ्चालित कक्षाका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्न सकिने छ ।

(३) आधारभूत तह कक्षा १-३ चलेको विद्यालय कम्तीमा २ जना ,१-५ चलेकोमा कम्तीमा ४ जना,१-८ चलेकोमा कम्तीमा ७ जना र माध्यामिक तहमा विषयको आधारमा शिक्षकको व्यवस्था गर्न सकिने छ ।

(४) शिक्षक व्यवस्थापन गर्दा नियम २१ को व्यवस्थालाई आत्म साथ गरिने छ ।

(५) शिक्षकको व्यवस्थापन गर्नको लागि शिक्षा ऐन २०२८ (नौं संशोधन) शिक्षा नियमावली २०५९ विद्यमान रहेको अवस्था र स्थानीय सरकार सञ्चालन ऐन अनुसार स्थानीय तहमा पनि दार्मा गाउँपालिकामा शिक्षा ऐन, नियमावली पारित भई कार्यन्वयन हुने अवस्थामा संघीय र प्रदेशको शिक्षा सम्वन्धी नयाँ ऐन नियमावली आई नसकेकोले शिक्षक व्यवस्थापन गर्न बुँदा न २ मा उल्लेखित शिक्षक विद्यार्थीको अनुपातको आधारमा काज सरुवा गरी विद्यालय शिक्षक व्यवस्थापन गरिने छ ।

(६) शिक्षक सम्वन्धि व्यवस्था गर्न  बुँदा नं.(२) र (३) मा जुनसुकै कुरा लेखिएता पनि शिक्षक व्यवस्थापन गर्दा नियम २१ अनुसार  शिक्षक विद्यार्थीको अनुपातमा अर्को व्यवस्था नहुँन्जेल सम्मको लागि कायम गरी काज सरुवाको व्यवस्था गरिने छ ।

क)काज सरुवा गर्दा सके सम्म पायक पर्ने गरी व्यवस्थापन गरिने छ ।

ख) काजमा खटाइएको शिक्षकको तलव भत्ता कार्यरत रहेको विद्यालयबाट भुक्तानी गरिने छ ।

१४) शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता निम्नानुसार हुनेछ :

१. स्थायी अध्यापन अनुमती पत्र लिनु पर्ने :

२.अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैनन् ।

३.शिक्षा ऐन नियमावली अनुसारको तहगत शैक्षिक योग्यता प्राप्त गरेको ।

४.तालिम प्राप्त गरेको हुनुपर्ने ।

१५.शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछः-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) बीना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयको कामको शिलशीलामा बाहेक अन्य अवस्थामा पटक पटक विद्यालयमा अनुपस्थित रहेमा,

(घ) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(च) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(छ) शिक्षक वा कर्मचारी राजनीतिक दलको  कार्यकारी पदमा रहेको पाइएमा,

(ज) निजले अध्यापन गरेको विषयमा तीन बर्ष भित्रको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम    भएमा ,

(झ) आफूले पढाएको विषयमा गाउँपलिकाले तोकेको गुणस्तर भन्दा कम उपलब्धी भएमा

(२) खण्ड (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि सफाइको लागि स्पष्टिकरण दिने मौका प्रदान गरिने छ ।

## परिच्छेद : ४

१६. करारमा शिक्षक नियुक्ति,प्रधानाध्यापक र कार्य सम्पादन करार सम्वन्धी

(१) करारमा शिक्षक नियुक्ति गर्दा देहायको प्रकृया पूरा गर्नु पर्नेछ ।

क. गाउँपालिका भित्रको माध्यमिक तहको विज्ञ समूह निर्माण गर्ने

ख. विज्ञको समूहको नाम,ठेगाना र सम्पर्क नम्बर समेतको सूची बनाई राख्ने ।

ग. गाउँपालिकामा रिक्त हुने शिक्षकको नाम नामेसी विवरण र समय तालिका अद्यावधिक गर्ने ।

घ. गाउँपालिका भित्र रहेका करार शिक्षक छनौटको मासिक तालिका तय गर्ने ।

ङ. शिक्षक छनौट प्रकृया शिक्षक सेवा आयोगको पाठ्यक्रमको आधारमा गर्ने ।

च. शिक्षक छनौटको विज्ञलाई परीक्षा सञ्चालन हुनु भन्दा ५ घण्टा अगाडि मोवाइल मार्फत सम्पर्कगरी बोलाउने ।

छ. विज्ञ छनौट गर्दा जुन विद्यालयको शिक्षक छनौट गर्ने हो त्यसको आसपास परीक्षार्थीका नातेदार छ भने त्यसलाई छनौटमा समावेश नगर्ने ।

ज. विज्ञको क्रस चिट्ठा राखी विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वाप्र.अ.लाई चिट्ठा तान्न लगाउने । एक विज्ञापनको लागि २ (दुई) जना विज्ञको छनौट गर्ने । छनौट भएको विज्ञ उपस्थित नभए अर्को क्रमको चिट्ठा झिकी अर्को विज्ञलाई झिकाउने ।

झ.विज्ञ छनौट देखि उ.पु परीक्षण सम्मको प्रक्रियाको निर्णय सम्वन्धित शिक्षक छनौट समितिबाट निर्णण गराई गाउँपालिका शिक्षा अधिकृतले लिने ।

ञ. प्रश्न पत्र निर्माण गर्दा विज्ञ बाहेक अरुलाई प्रवेश निशेध गर्ने ।

ट.प्रश्न पत्र निर्माण गरी लाहाछाप लगाई खाम वन्दी गरेर परीक्षा सञ्चालकले बुझी परीक्षा केन्द्रमा पुगे पछि मात्र विज्ञलाई बाहिर जान दिने ।

कार्यसम्पादन करार सझौता गर्नु पर्नेःशिक्षकलाई प्रभाबकारी बनाउन देहाय बमोजिम कार्यसम्पादन करार सम्झौताको प्रकृया अबलम्बन गनुपर्नेछ ।

२) गाउँपालिकाको अध्यक्ष संग प्रमुख प्रशासकीय अधिकृतले ,शिक्षा शाखा हेर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतसंग विद्यालयका प्र.अ.हरुले शिक्षा शाखा प्रमुख संग र शिक्षक तथा कर्मचारीहरुले प्र.अ. संग कार्य सम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

३)कार्य सम्पादन करार सम्झौता १ वषर्को हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्तमा प्रतिवेदन कार्य पालिका समक्ष पेश गर्नुपर्नेछ ।

**(१७)प्रधानाध्यापकको अन्य योग्यता**

१. विद्यालयको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

२ सामुदायिक विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिले विद्यालयमा रिक्त रहेको प्रधानाध्यापक पदमा आधारभुत तहको हकमा शिक्षा शास्त्र विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह १-५ का लागि) १-८ का लागि शिक्षा शास्त्रमा स्नातक वा सो सरह माध्यामिक तहको हकमा शिक्षा शास्त्र विषयमा स्नातकोत्तर वा सो सरह । मा.वि. तहमा प्रधानाध्यापक हुन कम्तिमा ५ वर्ष सेवा शिक्षा शास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको हुनुपर्ने छ ।

३. रिक्त प्रधानाध्यापक पदमा शिक्षकहरुले विद्यालय व्यवस्थापन समिति समक्ष निवेदन तोकेको समयावधिमा विद्यालय सुधार योजना सहित दिन सक्नेछ ।

४. उक्त निवेदन र योजना सहितको दरखास्त विद्यालय व्यवस्थापन समितिले गाँउ शिक्षा समितिमा पठाउने छ ।

५. गाँउ शिक्षा समितिले मूल्याङ्कनको आधारमा प्रधानाध्यापक पदमा नियुक्त गर्न विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्नुपर्ने छ ।

१८) मुल्याङकनको आधार देहाय बमोजिम हुनेछ ।

१) स्थायी शिक्षकलाई योग्यता पुगेमा प्राथमिकता दिइनेछ ।

२) उच्च शिक्षा हासिल गरेको हुनुपर्ने

३) कम्तीमा ५ वर्ष सेवा बाँकी रहेको हुनुपर्ने

४). प्रधानाध्यापकको पदावधि ५ वर्षको हुनेछ र निज पुःन सो पदमा नियुक्त हुन सक्नेछ ।

५). नियुक्त भएका प्रधानाध्यापकको काम सन्तोषजनक नदेखिएमा निजको आचरण खराब भएमा भन्ने कुरा सम्वन्धित स्थानीय शिक्षा अधिकारीले दिएको प्रतिवेदन र विद्यालय व्यवस्थापन समितिको सिफारीसको आधारमा निजलाई गाँउ शिक्षा समितिले हटाउन सक्नेछ । उक्त परस्थितिमा विद्यालय व्यवस्थापन समितिले वरिष्टताको आधारमा वा विश्वासका आधारमा अर्को शिक्षकलाई प्र.अ.को जिम्मेवारी तोकी गाउँ शिक्षा शाखामा सिफारिस गर्नेछ ।

६). प्रधानाध्यापकबाट हटाउन अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरीने छैन ।

७) एक पटक प्रधानाध्यापक भएको शिक्षक प्रधानाध्यापक पदबाट हटेमा निजलाई सो विद्यालयबाट यथाशिघ्र अन्य विद्यालयमा सरुवा गरिनेछ ।

८) सामुदायिक विद्यालयको प्रधानाध्यापक अनुपस्थित रहेमा वा अन्य कुनै कारणले पद रिक्त भएमा अर्को व्यवस्था नभएसम्मको लागि विद्यालयमा काम गर्ने शिक्षकहरुमध्ये वरिष्ठतमको आधारमा निमित्त भई कामकाज गर्न सकिने छ ।

**१९) प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

१) विद्यालयमा शैक्षिक वातावरण गुणस्तर अनुशासन कायम राख्ने,

२) विद्यालयमा शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरु बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

३) विद्यालयमा अनुशासन सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

४) शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा संचालन सम्बन्धी कार्यक्रम तयार गर्न तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा संचालन भए नभएको निरीक्षण गर्ने,

५) विद्यालयमा सरसफाई अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्न गराउने,

६) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्न,

७) विद्यालयमा विद्यार्थी भर्ना गर्न तथा परीक्षा संचालन गराउने,

८) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

९) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारवाहीको अभिलेख राख्ने,

१०) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानि नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

११) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारवाही गर्ने,

१२) शिक्षक र कर्मचारीलाई दिएको सजायको अभिलेख राख्ने तथा त्यस्ता अभिलेख गाउँ शिक्षा अधिकारीले तथा निरीक्षकले हेर्न चाहेमा देखाउने,

१३) शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्य सम्पादन सम्बन्धि प्रतिवेदन गाउँ शिक्षा समिति तथा व्यवस्थापन समितिमा पेश गर्ने,

१४) शिक्षक तथा कर्मचारीलाई सजाय तथा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा गाउँ शिक्षा समिति मा सिफारिस गर्ने,

१५) महिनाको कम्तिमा एक पटक शिक्षकहरुको बैठक बोलाई विद्यालय सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

१६) विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त भएका शिक्षक तथा कर्मचारीहरुको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

१७) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने,

१८) विद्यालयमा अध्ययन अध्यापन सम्बन्धी मासिक अर्ध वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

१९) विद्यालयको वार्षिक व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,

२०) शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई गाउँ शिक्षा समितिमा पठाउने,

२१) कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई निष्कासन गर्ने,

२२) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठयपुस्तक लागु गर्ने,

२३) विद्यालय व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्न र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

२४) विद्यालयमा संचालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढंगबाट संचालन गर्ने

गराउने,

२५) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म १५ प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने,

२६) विद्यालयमा दैनिक रुपमा मन्त्रालयले तोकबमोजिम कक्षा लिने तथा लिन लगाउने,

२७) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा नियुक्ति पाई कार्यरत रहेका शिक्षकको तलबी प्रतिवेदन पारित गर्न गाउँ शिक्षा समिति पठाउने,

२८) आफ्नो मातहतका शिक्षक तथा कर्मचारीहरुको काम, कर्तव्य तोक्ने, अटेर गरेमा कार्वाही गर्ने,

२९) गाउँ शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने,

३०) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्वारा निर्धारित ढाँचा र समयभित्र निरीक्षणद्वारा प्रमाणित गराई गाउँ शिक्षा समितिमा पठाउने,

३१) विद्यालयको आफ्नो स्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त भएका शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

३२) शिक्षक ,कर्मचारी,विद्यार्थी अभिभावक विद्यालय हाता भित्र अटेर गर्ने, अपशव्द बोल्ने होहल्ला गर्नेलाई कार्वाही गर्ने मुद्दा समेत चलाउने,

**परिच्छेद : ५**

**२०) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक शिक्षण सिकाइ क्रियाकलापको भाष।**

१) विद्यालयले पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग गर्दा देहाय बमोजिम गर्नुपर्ने छ :

(क) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्डमा नघटाई सिकाइ उपलब्धि हासिल हुने

गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही गाउँपालिकाको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न सक्ने भौगोलिक वातावरण अनुरुपको स्थानिय पाठ्यक्रम र पाठ्य्पुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनको लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास केन्द्र गठन गरी पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्न सक्नेछ ।

(ख) कक्षा ६- ८मा स्थानिय आवश्यकता र स्रोतमा आधारित १०० पूणांकको पाठयकम निर्माण गरी लागु गरिनेछ ।

(ग) विद्यालयले योजना बनाई प्राविधिक शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग गर्नु पर्ने छ ।

(घ) माध्यामिक तहको लागि स्थानिय स्रोतको प्रयोगमा आधारित सीपको संरक्षण,संवर्द्धन गर्ने खालका उद्योग सञ्चालन गर्न तथा पेसा व्यावसाय अपनाइ उत्पादनमा वृद्धि गर्ने

जीवनोपयोगी व्यावसायिक विषय अध्यापन गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ ।

ङ) गाउँपालिका भित्रका विद्यालयहरुका सबै शिक्षक संग पाठ्यक्रम अनिवार्य हुने व्यवस्था मिलाइने छ ।

च) शैक्षिक सत्र शुरुमा सबै विद्यार्थीको हातमा पाठ्यपुस्तक उपलव्ध गराइने छ ।।

छ) शैक्षिक सत्रको शुरुमा प्र.अ.,शिक्षक विद्यार्थीहरु,विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ, स्थानीय शिक्षा प्रेमीहरु र जनप्रतिनिधिहरुलाई पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्वन्धी प्रवोधिकरण गरिने छ ।

२) विद्यालयले आवश्यक्तामा आधारित प्राथमिक तहमा सामाजिक र सिर्जनात्मक कला विषयको २० प्रतिशत अंश र ऐक्षिक विषय १०० पूर्णाङ्कको समय,सामाजिक परिवेशको सापेक्षतामा पेशा,व्यावसायिक,धामिर्क,सांस्कृतिक,ऐतिहासिक,भौगोकि,भाषा,पर्यटन,कृषिमा आधाीत आधारभूत तह सम्म स्थानीय पाठ्यक्रम बनाउनु पर्ने छ ।

३) अंग्रेजी विषय बाहेक अन्य विषयको शिक्षण सिकाई क्रियाकलापको माध्यम स्थानीय नेपाली भाषा वा राष्ट्रभाषा नेपाली हुने छ ।

## परिच्छेद -६

## २१.अनुदान सम्वन्धी व्यवस्था

१)शैक्षिक गुणस्तर सुधारकालागि विद्यालयलाई प्रदान गरिने अनुदान गाउँ शिक्षा समितिले सिफारीस गरि गाउँ कार्यपालिकाले निर्णय गरेवमोजिम हुने छ ।

२)सामुदायिक विद्यालयलाई दिइने अनुदानमा कक्षा संख्या र शिक्षक संख्या,शिक्षक र विद्यार्थी अनुपात ,विद्यालयको सिकाइ उपलव्धी र नतिजा विश्लेषणलाई आधार मानिने छ ।

दफा २१ को उपदफा १ र २ मा जुनसुकै कुरा लेखियता पनि गाउँपालिकाको निर्णय वाट शिक्षकहरुलाई शिक्षण सिकार्य क्रियाकलाप वाहेकका अन्य कार्यमा लगाउँदा निज शिक्षकको पदाधिकार रहेको विद्यालयमा शिक्षक सिकाई क्रियाकलाप सञ्चालन गर्न अनुदान रकम उपलव्ध गराउन ससिने छ ।उक्त अनुदान रकम पदाधिकार रहेको तहको तृतीय श्रेणीको सुरु तलव भन्दा वढी हुने छैन ।

## परिच्छेद : ७ भौतिक व्यवस्थापन सम्वन्धी व्यवस्था

**२२( विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण र सम्पत्ति सम्वन्धी व्यवस्था :**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि

वाश सुविधा सहितको अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परिक्षण, छात्राहरुलाई सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनु पर्नेछ ।

३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

४) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

५) विद्यालयको कुनै पनि भौतिक पूर्वामधार जस्तै गारो, छानो , झ्याल ढोका, कक्षाको भूई, शौचालय, खाने पानी एवं अन्य पूर्वाधारहरु तथा  फर्निचर जीर्ण भएको अवस्थामा तत्काल मर्मतको व्यवस्था मिलाउनु पर्नेछ ।

६) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच-बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्नेछ ।

७) विद्यालयका भौतिक संरचना भवन,कोठाहरु गाउँपालिकाले अनुकूलता हेरी सीप सिक्ने सिकाउने केन्द्र,पुस्तकालय,वाचनालय,संग्राहलयको रुपमा स्थापना गरी प्रयोग गरिने छ ।

(८) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने  छैन ।

(९) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(१०) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमाकुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(११)नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको चल अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचबिखन गर्न पाइने छैन ।

१२) व्यक्तिको जग्गा त्रुटी बस विद्यालयको नाममा स्वामित्वमा पर्न आएको भए छानबीन गरी सही ठहरिएमा सम्बन्धित व्यक्तिलाइ हस्तान्तरण गरिनेछ ।

१३) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय वन्द, खारेज वा अन्यत्र गाभिई  विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्ने छ ।

१४) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

१५) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहने छ ।

## परिच्छेद :८ शिक्षक विकास

**२३( शिक्षक विकासको लागिदेहाय बमोजिमको प्रक्रिया अवलम्वन गर्नुपर्ने छ :**

१) विद्यालयले शिक्षकको योग्यता,तालिम र अनुभव खुल्ने तथ्याङ्क भरी गाउँपालिका शिक्षा शाखामा पेश गर्नुपर्ने छ ।

२ )गाउँपालिकालद्धारा शिक्षकको तालिमको स्थिति विश्लेषण गरी तालिम प्राप्त र अप्राप्त शिक्षकको नाम नामेसी विवरण सहितको अभिलेख तयार गरिने छ ।

३) तालिम चाहने शिक्षकले गाउँपालिकामा तालिम माग गरी शैक्षिक तालिम केन्द्रले तोकेको ढाँचामा तालिम माग फाराम बुझाउनु पर्नेछ । यस्तो माग फाराम शैक्षिक सत्र शुरु भएको २ महिना भित्र बुझाइ सक्नुपर्ने छ ।

४)गाउँपालिकाले आफ्नो गाउँपालिका भित्रका सेवाप्रदायक संस्थाहरु संग समन्वय गरी तालिम माग गर्ने प्रोत्शाहित गर्ने छ ।

५)तालिम माग गर्ने शिक्षकले तालिमबाट फर्के पछि विद्यार्थीको नतिजामा आउने परिवर्त समेतको प्रस्ताव पेश गर्नुपर्ने छ । प्रधानाध्यापकको हकमा विद्यालय विकास प्रस्ताव अनिवार्य हुने छ ।

६) प्र.अ. शिक्षक तालिमबाट फर्के पछि अनिवार्य रुपमा आफ्ना साथीहरुसंग अनुभव आदान प्रदान गर्नुपर्ने छ । यस्तो अनुभव आदान प्रदान कार्यक्रममा विद्यालय व्ययस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीलाई समेतलाई आमन्त्रण गर्नुपर्ने छ ।

७) शिक्षकले एक शैक्षिक सत्रमा आफूले पढाउने विषयको एउटा घटना अध्ययन र एउटा कार्यमूलक अनुसन्धान गर्नु पर्ने छ ।

८) वर्ष भरिमा अनुसन्धान गरी विद्यालयको नतिजामा सुधार ल्याउने शिक्षकलाई गाउँपालिकाले मूल्याङ्कनको आधारमा यथोचित पुरस्कार एवम् प्रसंशा गर्नेछ ।

## परिच्छेद :९

**२४( विद्यार्थी सहयोगः**

प्रत्येक विद्यालयले देहाय बमोजिमका विद्यार्थी सहयोग कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

क) बालविकास केन्द्रका बालवालिकाहरुको लागि मनोरञ्जनात्मक खेल सामग्री र खेल्ने मैदान, शौचालय र रमाइलो कक्षा कोठाको व्यवस्था गर्ने ।

ख) विद्यार्थीहरुका अभिभावक सँग सम्पर्क समन्वय राखी वालबालिकाहरुको रुची, क्षमता र उत्कृष्ठताको जानकारी दिने र लिने ।

ग) बालबालिकाहरुको पारिवारिक पृष्ठभूमीको जानकारी संकलन गर्ने ।

घ) बालवालिकाहरुलाई सामुदायिक कार्य गराउदा शिक्षक संगै बसी अभिभावकको भुमिका निर्वाह गर्ने ।

ङ) आधारभूत तहदेखि माध्यमिक विद्यालयका बालवालिकाहरुलाई कम्तीमा २ महिनाको एक पटक विज्ञ वा गाउँ, शहर वा अनुभवीवाट शैक्षिक परामर्श दिने व्यवस्था गर्ने ।

च) विद्यालयमा प्राथमिक उपचारको सामग्री राखी वालवालिकाहरुलाई सेवा उपलब्ध गराउने ।

छ) गाउँका /देशका विद्धानबाट देश विकास वा समस्या समाधानमा विशेष अनुभव भएका व्यक्तिवाट स्रोत कक्षा लिने व्यवस्था गर्ने ।

ज) विद्यालय समयमा समस्या देखिएका वालबालिकाहरुलाई अभिभावकको पहुँचमा पु¥याइ दिने ।

झ) विद्यालयमा पुस्तकालयको व्यवस्था गर्ने

ञ) विद्यार्थीहरुलाई विद्यालयका हरेक कार्यक्रममा सहभागि गराउने ।

ट)गरीब तथा जेहन्दार विद्यार्थीलाई वृत्ति विकासको लागि आर्थिक कोषको व्यवस्था गर्ने । सो कार्यको लागि स्थानीय दाता वा दातृ निकाय संग समन्वय गरी सहयोग लिने ।

परिच्छेदः १०

**२५(मूल्याङ्कन ,अनुगमन र निरक्षण**

विद्यालयले मूल्याङ्कन सम्वन्धि देहायको व्यवस्था गर्नुपर्ने छ ।

१.पाठ्यक्रमले तोकेका मूल्याङ्कनका साधनहरु प्रयोग गर्ने ।

क) निरन्तर मूल्याङ्कन

ख) आवधिक मूल्याङ्कन

२. आन्तरिक परीक्षाको नतिजा बढीमा ३ दिन भित्र सार्वजनिक गर्ने ।

क.मूल्याङ्कनमा कम्जोर देखिएका विद्यार्थीहरुको सूची तयार गर्ने र त्येसको उपचारको लागि उपचारात्मको कक्षाके व्यवस्था गर्ने ।

ख..गाउँपालिकाले कम्तिमा महिनाको एकपटक आफ्नो क्षेत्र भित्रको विद्यालयको विद्यार्थीको उपलव्धी मूल्याङ्कन गर्ने ।

३.गाउँपालिका शिक्षा शाखाले विद्यालयको निरीक्षण गर्दा निरीक्षण गरेको दिन शैक्षिक सत्र शुरु भएको दिन शैक्षिक सत्र शरु भएको मिति देखिको विद्यालय खुलेको दिन र शिक्षक हाँजिरी संकलन गर्ने ।

४ निरीक्षणको समयमा विद्यार्थी अन्रक्रिया गरी सिकाइका सवल र दुर्वल पक्षहरुको संकलन गर्ने ।

५ संस्थागत विद्यालयको सम्वन्धमा निम्न बमोजिम गर्ने ।

क)संस्थागत विद्यालयहरुमा तोकिएको पाठ्यपुस्तक र पाठ्यक्रमको प्रयोग भएको छ छैन सोको रेकर्ड संकलन गर्ने ।संस्थागत विद्यालयहरुका शिक्षकहरुको शिक्षक अध्यापन अनुमति पत्र र तलव सुविधाको रेकर्डको जाँच गर्ने ।

ख) संस्थागत विद्यालयहरुको शुल्क,छात्रवृत्ति र छात्रवृत्ति प्रदान गर्दा अपनाइएका प्रकृयाहरुको रेकर्ड जाँच गर्ने ।

परिच्छेदः ११

**२६( आर्थिक कार्यविधि सम्वन्धि व्यवस्था :**

१ विद्यालयले आफूलाई प्राप्त रकम निकासा रकम शीर्षक खोली आम्दानी बाँधी राख्नु पर्दछ । यो कार्यको जिम्मेवारी प्रधानाध्यापक र लेखा सम्वन्धी कर्मचारीको हुनेछ ।

२.विद्यालयले वार्षिक कारोबारको  वार्षिक योजना बनाई विद्यालय व्यवस्थापन समितिबाट स्वीकृति गराई सोको प्रति गाउँपालिकामा पठाउनुपर्ने ।

३.विद्यालयले जुन शर्षिकमा रकम निकासा भएको हो सोही शीर्षकमा मात्र खर्च गर्नुपर्ने छ । तलव भत्ताको निकासा भएको रकमबढी हुन आएमा आषाढ मसान्तमा गाउँपालिकामा जानकारी गराउनु पर्नेछ ।

४.विद्यालयले रकम खर्च गर्दा विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णानसार गर्नुपर्ने छ ।

५) विद्यालयले शिक्षा नियमावलीले तोकेका (१-१०)मलेप फारमहरु दुरुस्त राख्नुपर्ने छ ।

**२७. अनौपचारिक शिक्षा सम्वन्धी व्यवस्था :**

१.गाउँपालिकाले गाउँपालिका भित्रको साक्षरताको स्थिति झल्काउन नामनमेसी सहितको विवरण संकलन गरी अध्यवधिक गर्ने छ ।

२.गाउँपालिका भित्रका उच्चतम विद्यालय वा सामुदायिक सिकाइ केन्द्र मार्फत सीपमूलक तालिमको व्यवस्था गरिने छ । सीपमूलक  तालिमका सहभागीहरुको आवशयक्ताको विवरण सम्वन्धित सामुदायिक सिकाइ केन्द्र मार्फत गरिने छ ।

३.गाउँपालिकाले अनौपचारिक शिक्षा र निरन्तर शिक्षाको लागि सम्वाद प्राविधिक सल्लाह र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने छ ।

**२८(. सामुदायिक सिकाइ केन्द्र सम्वन्धी व्यवस्था (CLC) :**

१.यो निर्देशिका लागु भएको १ महिना भित्र सामुदायकि सिकाइ केन्द्रहरुले आफ्नो आय व्यय र कार्यक्रम र कर्मचारी विवरण गाउँपालिकामा पेश गर्नु पर्दछ ।

२.सामुदायिक सिकाइ केन्द्रहरुले सिकाइ केन्द्रहरुमा सन्दर्भ सामग्रीहरुको व्यवस्था गर्नु पर्ने छ ।

## परिच्छेद :१२

**२९(प्रारम्भिक बाल शिक्षा,निरन्तर शिक्षा र अनौपचारिक शिक्षा सञ्चालन  सम्वन्धि व्यवस्था :**

१ बालविकास केन्द्रहरु विद्यालयहरुमा मात्र स्थापना र सञ्चालन हुनेछन् ।

२) एक विद्यालयमा एक प्रारम्भिक बालविकास शिक्षा केन्द्र सञ्चालन गरिने छ ।

३) यदि कुनै विद्यालयमा एक भन्दा बढि प्रारम्भिक बालविकास शिक्षा केन्द्र सञ्चालन भएमा अर्को नजिकैको बाल विकास शिक्षा केन्द्र सञ्चालन नभएको विद्यालयमा व्यवस्थापन गरिनेछ ।

४) त्यस्ता बालविकास शिक्षा व्यवस्थापन गर्दा विद्यालयमा सञ्चालित बालविकास शिक्षा केन्द्र मध्ये समुदायमा आधारित भै हाल विद्यालयमा गाभिन आएको प्रारम्भिक बालविकास शिक्षा केन्द्रलाई अन्यत्र विद्यालयमा व्यवस्थापन गरिने छ  त्यसरी व्यवस्थापन कर्मचारी व्यवस्थापन नभइ संस्था व्यवस्थापन भएको हुदा  उक्त वालविकास केन्द्रमा जुन कर्मचारी कार्यरत छ सोहि कर्मचारीलाइ व्यवस्थापन गरिएको वालविकास केन्द्रमा व्यवस्थापन गरिने छ ।

५.बालविकास केन्द्रको सञ्चालन गर्ने विद्यालयहरुले ४-५ वर्ष सम्मका बालबालिकाहरुलाई छुट्टै कक्षामा । राखी रमाइलो वातावरण निर्माण गरी सिकाई गराउनु पर्ने छ ।

६.बालविकास केन्द्रका कोठामा राउण्ड टेबल,कार्पेट,कुसन र खेल सामग्रीहरुको व्यवस्था गरिएको हुनु पर्नेछ ।

७.बालविकास केन्द्रको सहयोगी कार्यकर्ताले (शिक्षक) अनिवार्य रुपमा कम्तीमा १० दिने तालिम लिएको हुनु पर्नेछ । बालविकास केन्द्रले सहयोगी कार्यकर्ताहरुको नियुक्ति योग्यता र अनुभव सहितको विवरण यो कार्यविधी लागु भएको १ महिना भित्र गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

८.अभिभावकले आफ्ना बालबालिकाहरु बालविकास केन्द्र सम्म ल्याउन र लैजाने व्यवस्था मिलाउनु पर्ने छ । ठूलो कक्षा सञ्चालन भएका विद्यालयहरुले माथिल्लो कक्षाका विद्यालयहरुले माथिल्लो कक्षाका विद्यार्थीहरुको सहयोग लिई बालबलिकाहरुलाई बालविकासमा ल्याउने घर लैजाने व्यवस्था गर्नुपर्नेछ ।

८.बालबालिकालाई ताजा र स्थानीय तहमा उपलव्ध भएको दिवा खाजाको व्यवस्था गर्नु पर्ने छ ।

९.बालविकास केन्द्रको सिकाइ बालमैत्री , र खेलविधिबाट बालबालिकाको
शारीरिक,वौद्धिक,सामाजिक र सम्वेगात्मक विकासमा आधारित हुनेछ ।

१०. बालविकासको कक्षामा स्वच्छ हावा आवत जावत गर्न सक्ने प्रकाशको राम्रो प्रवन्ध हुनु पर्नेछ ।

११.बालविकास केन्द्र सञ्चालन भएका विद्यालयहरुमा घेराबारको व्यवस्था भएको, पानीको खाडल नभएको र विद्यालयको हातामा बाल स्वस्थ्यलाई हानी पु-याउने कुनै पनि चिज वस्तु हुनु हुँदैन ।

१२. बालविकास के न्द्र सञ्चालन गर्ने विद्यालयले शिक्षा विभागले जारी गरेको बाल सिकाइ निर्देशिकाको अनुसरण गर्नु पर्ने छ ।

१३. प्रत्येक बालविकास केन्द्रले बालविकासको फोटो सहितको प्रोफाइल तयार गरी राख्नुपर्ने छ ।

**३०: विविध :**

१. यो कार्यविधि दार्मा गाउँकार्यपालिकाबाट पारित भएमा तुरुन्त कार्यान्वयन गरिने छ ।

२ .शिक्षा ऐन २०२८(आठौ संशोधन तथा नवौं संशोधन) शिक्षा नियमावली २०५९ ले गरेको व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउपालिकाको काम कर्तव्य र अधिकार तथा शिक्षामा भएको कानूनी प्रक्रियाको आधारमा विद्यालयको सिफारिस र वडा कार्यालयको जन्म दर्ता अनुसार जन्म मिति,नाम फरक परेमा रु २००। (दुइसय) शुल्क लिई सच्याइने छ ।

३. प्राथमिक तहमा बालमनोविज्ञ,आधारभूत तह(प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म) संगित शिक्षक र मावि तहमा खेलकूद शिक्षकको व्यवस्था गरिने छ । उक्त शिक्षकको व्यवस्थापन प्रक्रिया प्रचलित शिक्षा ऐन नियमावली वा गाउँ कार्यपालिकाले कार्यविधि पारित गरी नियुक्ति गरिने छ ।

**३१. कार्यविधिको संशोधन :**

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा दार्मा गाउँपालिकाको  कार्यपालिकाले संशोधन गर्न सक्ने छ ।

## ३२. बचाउ र खारेजी :

क) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय  तह ,प्रदेश, संघ को  शिक्षा  सम्वन्धि ऐन नियम  र  कानुन सँग बाझिन गएमा बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।